# स्थानीय राजपत्र

# इन्द्रसरोवर गाउँपालिकाद्धारा प्रकाशित

खण्ड १ संख्या ३ मिति २०७६/२ ५/

# जेष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका,२०७६

कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/०१/३१ गते

सम्बत २०७६ सालको निर्देशिका नं. १

**प्रस्तावना**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका उपदफा (३) अनुसार सर्वसाधारणको

जानकारीको लागि प्रकाशन गरिएको छ ।

**परिचयः**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा आदर तथा सदभाव अभिवद्धि गर्न साथै राज्यद्धारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसुचि-८ को क्र.स.१६ बमोजिमको कार्य गर्ने गरि स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद-३, दफा-११ उपदफा-२ ले दिएको अधिकार प्रयोग गरि इन्द्रसरोवर गाउँकार्यपालिका बैठकबाट यो ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७६ जारी गरिएको छ ।

१. **परिचय-पत्र वितरणका आधारः** नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक,ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय-पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन ।

२. **उद्देश्यः**

क. ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र गाउँपालिकामा र वडाहरुमा ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख. नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ

नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको बर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग. प्रचलित ऐन, नियमानुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोय गरी विकास प्रक्रियामा सहभागी गराउने ।

३. **लक्षित वर्गः** ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठ्ठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

४. **ज्येष्ठ नागरिकको वर्गीकरणः**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १४ को उपनियम बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छः

क. सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक,

ख. सत्तरी वर्ष उमेर पुरा गरेका वरिष्ठ ज्येष्ठ नागरिक,

ग. असाहय ज्येष्ठ नागरिक,

घ. अशक्त ज्येष्ठ नागरिक,

ङ. एकल ज्येष्ठ नागरिक,

५. **परिचय-पत्र वितरणका मापदण्डः** ज्येष्ठ नागरिक

सम्बन्धी नियमावली, २०६५ को नियम १५ बमोजिम साठ्ठी वर्ष उमेर पुगेको नेपाली नागरिकहरुलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

६. **ज्येष्ठ नागरिक परिचय -पत्रको ढाचाँ :** ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसुची-३ बमोजिमको ढाचाँलाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाचाँ यस निर्देशिकाको अनुसुची-१ बमोजिमको हुनेछ ।

ज्येष्ठ नागरिक परिचय- पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ।

७. **परिचय-पत्र वितरण प्रक्रियाः**

क. ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले इन्द्रसरोवर गाउँपालिकाको प्रमुख समक्ष अनुसुची-२ बमोजिमको ढाचाँमा निवेदन दिनुपर्नेछ ।

ख. निवेदनमा आफनो उमेर खुलेको नागरिकताको प्रमाण -पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिनेछ ।

ग. ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीयअधिकृत वा

निजले तोकेको अधिकृत कर्मचारी हुनेछ ।

घ. परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफट्वयेरमा कम्प्युटराइज गरी गाउँपालिकाको कार्यालयमा राखी वार्षिक विवरण प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराइनेछ ।

ङ. ज्येष्ठ नागरिक परिचय-पत्र हराएको कारणले प्रतिलिपि लिन परेमा सम्बन्धीत प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिस सहित सम्बन्धितस्थानीय तहमा निवेदन पेश गर्नुपर्ने छ ।

## ८. विविधः

क. आवश्यकताका आधारमा ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि इन्द्रसरोवर गाउँपालिकाले थप आवश्यक कार्यविधि निर्धारण गर्नेछ ।

ख. ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचलित कानुनको अधिनमा रही प्रशासकीय प्रमुखले निर्णय गरे बमोजिम हुनेछ ।

ग. यो कार्ड निशुल्क रुपमा उपलब्ध हुनेछ ।

९. वितरित परिचय-पत्रको अभिलेख अनुसुची - ३ बमोजिमको ढाचाँमा राखुपर्ने छ ।

१०. यो निर्देशिका कार्यपालिकाले स्वीकृत गरेको मितिदेखी

लागु हुनेछ ।

११. यो निर्देशिकामा कुनै थपघट र हेरफेर गर्नुपरेमा गाउँ कार्यापालिका बैठकले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

# अनुसुची १

## ज्येष्ठ नागरिक परिचय- पत्रको ढाचाँ

## ज्येष्ठ नागरिक परिचय - पत्र

प.प.नः-

नाम थरः-

ना.प्र.न.:

ठेगानाः

जिल्लाः

गा.पा/

न.पा.......................................................................................................

वडा नं. .......................................... टोल

/गाउँ.........................................

उमेरः ........................................ लिङ्गः...........

उपलब्ध छुट तथा सुविधाहरुः

....................................................................

पति/पत्नीको नामः

.....................................................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः

.................................................

संरक्षकको नाम, थर,सम्पर्क ठेगाना, मोवाइल नं. :

.............................................

रक्त समुह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नामः................................

**प्रमाणित गर्ने**

**अधिकृतको:-**

दस्तखतः

नाम थरः

पदः

कार्यालयः

## अनुसुची -२

**श्री प्रमुख ज्यु,**

मिति ....................

**इन्द्रसरोवर गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**इन्द्रसरोवर, मकवानपुर ।**

**विषयः ज्येष्ठ नागरिक परिचय - पत्र उपलब्ध गराइदिनुहुन ।**

महोदय,
उपरोक्त सम्बन्धमा नेपालको संविधान २०७२ तथा स्थानिय शासन सञ्चालन ऐन,२०७४ बमोजिम ज्येष्ठ नागरिकलाई सरल र सहज रुपमा सेवा प्रदान गर्ने उद्देश्यका साथ परिचय - पत्र उपलब्ध गराउने व्यवस्था जानकारी प्राप्त भएको तथा मेरो उमेर ने. ना. प्र. प. बमोजिम ६० वर्ष पुरा भएकोले ज्येष्ठ नागरिक परिचय - पत्र वितरण निर्देशिका बमोजिम म लाई ज्येष्ठ नागरिक परिचय - पत्र उपलब्ध गराईदन हुन विनम्र अनुरोध गर्दछु ।

**<u>निवेदक</u>**
नाम
थरः...............................................................................................
ना.प्र.नं..............................................................................................
......

ठेगानाः.......................................................................................
............
जिल्लाः.......................................................................................
........
गा.पा./न.पा.....................................................................................
.....
वडा नं.......................................... टोल /गाउँ
................................................
उमेरः ........................................... लिङ्गः
..........................................................
सम्पर्क व्यक्तिको नाम थर
...................................................................................
सम्पर्क नम्बरः .............................................................................
दस्तखतः .........................................................................................

**अनुसुची ३**
**इन्द्रसरोवर गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**इन्द्रसरोवर, मकवानपुर ।**

ज्येष्ठ नागरिक परिचय - पत्रको अभिलेख

| क्र.स. | परिचय-पत्र नं. | ने.ना.प्र.प.नं.र जन्म मिति | नाम थर | ठेगाना | टोल | फोटो | परिचय-पत्र जारी मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**आज्ञाले**
**शैलेन्द्र भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**

**इन्द्रसरोवर गाउँपालिका मकवानपुरको जेष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७६ मुल्य रु.१०**